आज मिति २०८० साल कार्त्तिक ०१ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को छैठौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सचिव -

आमन्त्रित :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. सडक मर्मत संभारमा भएको खर्च भुक्तानी सम्बन्धमा ।

३. 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिने सम्बन्धमा ।

४. रकम भुक्तानी सम्बन्धमा ।

५. जनप्रतिनिधीहरुको चार्डपर्व खर्च भुक्तानी सम्बन्धमा ।

६. मौलो पूजाको लागि सुरक्षा निकायहरुलाई सहयोग गर्ने सम्बन्धका ।

७. आ.व.२०८०/०८१ को राजस्वको दररेट संशोधन सम्बन्धमा ।

८. देवानगञ्ज हाटपलोट जग्गा सम्बन्धमा ।

९. कृषि सिचाईको लागि विद्युतिकरण आयोजनाको निर्माण स्थल परिवर्तन सम्बन्धमा ।

१०. शुभकामना कार्यक्रम सम्बन्धमा ।

११. निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/०६/२५ गते बसेको आ.व. २०८०/०८१ को पाँचौ कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा वर्खाको समयमा देवानगञ्ज गा.पा.का विभिन्न सडकहरु डुवान भई मर्मत गुर्नपर्ने भएको हुँदा गा.पा. अध्यक्षको निगरानीमा ७ वटै वडामा भएको सडक मर्मत सम्भारमा खर्च भएको रकम रु.२३,८६,८६९/- (अक्षरेपी तेइस लाख छियासी हजार आठ सय उनन्नसत्तरी रुपैया मात्र) समपुरक कोष शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्वत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल बमोजिमका फर्महरुलाई 'घ' वर्गको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

क) Sahebganj Construction Pvt. Ltd., Dewanganj-5, Sunsari

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र संचालन हुने गत आ.व. देखि हाल सम्म भएका आयोजना तथा कार्यक्रमहरुमा चालु आ.व.मा बजेट

विनियोजन गर्न छुट भएको हुँदा तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरुमा समपुरक कोष शिर्षकबाट रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

क) अमरसिंह मा.वि. को १६ कोठे भवन निर्माण ।

ख) अमरसिंह पशु अस्पतालको डि.पि.आर. निर्माण कार्य ।

ग) सवारी साधन मर्मत तथा सम्भार खर्च ।

घ) बायोग्याँस निर्माण कार्य ।

ङ) वडा नं.४ को पंडित टोल कर्भट देखि आर्य घाट सम्म कर्णा धार सफा गर्ने कार्य र ४ नं. वडा अन्तर्गत सहकारी संस्था देखि भटाई मेहताको घर सम्म बाटोको दुवै साइडको नाला सफा गर्ने कार्य ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.का सम्पुर्ण जनप्रतिनिधीहरुलाई चाडपर्व खर्च बापत रु. २५,०००/- का दरले उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र कार्यक्षेत्र भएका ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी तथा शसस्त्र प्रहरीको BOP हरुलाई प्रत्येक वर्ष दिईरहेको मौलो पूजा खर्च तपसिल बमोजिमको दरले दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

क) ईलाका प्रहरी कार्यालय, देवानगञ्ज र शसस्त्र प्रहरीको BOP, कप्तानगञ्जलाई रु.२०,०००/-

ख) प्रहरी चौकी कप्तानगञ्ज, ईलाका प्रहरी कार्यालय साहेवगञ्ज र ईलाका प्रहरी कार्यालय हरिनगरलाई - रु.१५,०००/-

ग) देवानगञ्ज गा.पा. भित्रका अन्य प्रहरी चौकी, BOP र धुस्की BOP लाई - रु.१०,०००/-

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.को आ.व.२०८०/०८१ को राजस्वको दररेट तपसिल बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

क) अनुसूचि २(ज) बैंक सम्बन्धीको नविकरण शुल्क ०.०५ प्रतिशत भएकोमा सोलाई संशोधन गरी दर्ता शुल्कको ५० प्रतिशत नविकरण शुल्क लिने,

ख) अनुसूचि २(ज) बैंक सम्बन्धीको बुँदा नं.८० मा सहकारी संस्था लेखिएकोलाई संशोधन गरी 'घ' वर्गको वित्तिय संस्था उल्लेख गर्ने र दर्ता शुल्क रु. ५,०००/- लाई रु.१०,०००/- बनाउने ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ को वडा समितिको मिति २०८० असोज ९ गतेको बैठकको निर्णय नं.१ र २ आवश्यक प्रकृया अगाडी बढाउने गा.पा.मा पेश भएकोमा तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।
तपसिल :

क) निर्णय नं.१ को सम्बन्धमा देवानगञ्ज गा.वि.स. वडा नं. २ को कि.नं.२९, ज.वि. ०-०-९ को जग्गा दर्ता खारेजीको लागि आवश्यक कानूनी प्रकृया अगाडी बढाउन वडा कार्यालयलाई अधिकार दिने,

ख) निर्णय नं.२ को सम्बन्धमा देवानगञ्ज गा.वि.स वडा नं.२, कि.नं. ४२, ज.वि. ०-१-६ को नेपाल सरकारको नाममा दर्ता रहेको जग्गा खाली गर्न कानूनी प्रकृया अगाडी बढाउन वडा कार्यालयलाई अधिकार दिने ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.३ र ४ मा ठेक्का भई निर्माण कार्य भई रहेको कृषि विद्युतिकरण आयोजनाबाट केहि तार, पोल लगायतका सामाग्री देवानगञ्ज गा.पा. वडा नं. ६ को प्रहरी चौकी देखि सरदार टोल जाने बाटो ( देवानगञ्ज विराटनगर मुल सडक) मा जडान गरी ११ KVA लाईन तत्काल जडान गर्नुपर्ने देखिएकोले चालु आ.व. मा देवानगञ्ज वडा नं.१, ६ र ७ को निर्माण आयोजनाबाट हाल स्थानान्तरण गरिएको पोल, तार, फिर्ता गर्नेगरी देवानगञ्ज गा.पा. वडा नं.६ को प्रहरी चौकी देखि सरदार टोलमा निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस वर्षको चार्डपर्वको समयमा गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा वडाध्यक्षको संयोजकत्वमा चार्डपर्व लक्षित शुभकामना कार्यक्रम गर्ने र रु. ७५,०००/- मा नबढुने गरी खर्च गर्ने तथा उक्त रकम समपुरक कोष शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.वडा नं. २ को मिति २०८० आसोज ३० गने वडा समितिको बैठाक निर्णय नं.२ अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।